'उज्यालो नेपालको संवाहक'

# नेपाल विद्युत प्राधिकरण
# NEPAL ELECTRICITY AUTHORITY

(नेपाल सरकारको स्वामित्व)

प्रसारण निर्देशनालय

## रातमाटे-रसुवागढी-केरुङ ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजनाको

### वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयारीको लागि क्षेत्र निर्धारण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशन मितिः २०७९ पुष ११)

**बागमती प्रदेश, रसुवा जिल्लाको गोसाइँकुण्ड, आमाछोदीङमो (पार्वतीकुण्ड), उत्तरगया गाउँपालिकाहरु तथा नुवाकोट जिल्लाको बिदुर र बेलकोटगढी नगरपालिकाहरु, तार्केश्वोर र किश्पांग गाउँपालिकाहरुमा नेपाल विद्युत प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | **नेपाल विद्युत प्राधिकरण**, दरबारमार्ग, काठमाडौं, नेपाल<br>पो.ब.न.: १००२०, फोनः ०१-४१५३०७७/४१५३१९३ इमेलः neamd@nea.org.np |
| **प्रस्तावको व्यहोरा** | प्रस्तावकले बागमती प्रदेश अन्तर्गत रसुवा जिल्लाको गोसाईंकुण्ड गाउँपालिका स्थित नेपाल- चीन सिमाना नजिक रहेको मिनार्खु भन्ने गाउँ देखि नुवाकोट जिल्लाको बेलकोटगढी नगरपालिकामा प्रस्तावित ४००/२२० के.भी. को रातमाटे सवस्टेशन सम्म करिब ७० किलोमिटर लम्बाइको रातमाटे-रसुवागढी-केरुङ ४०० के.भि. विद्युत प्रसारण लाइन आयोजना निर्माण तथा संचालन गर्ने प्रस्ताव अघि बढाएको छ। प्रस्तावित आयोजना ४०० के.भि. भोल्टेजको Double Circuit प्रसारण लाइन हो र यो नेपाल र चीन बीच विद्युत प्रसारण गर्ने अन्तरदेशीय प्रसारण लाइन आयोजना हो जसबाट करिव ५,००० मेगावाट परिमाण सम्मको विद्युत उर्जा प्रसारण गरिने लक्ष्य रहेको छ । प्रस्तावित आयोजनाले प्रसारण लाइनलाई एक विन्दु बाट अर्को विन्दुमा लैजान जम्मा २०८ वटा टावरहरु निर्माण गर्नेछ । AP-० देखि AP–११ सम्म करिब ४.५ किलोमिटरको प्रसारण लाइन लामटाङ्ग राष्ट्रिय निकुञ्ज क्षेत्र भित्र पर्दछ। प्रस्तावित आयोजनाको क्षेत्र अधिकार (Right of Way) जम्मा ४६ मिटरको (प्रसारण लाइनको मध्य विन्दुबाट दायाँ/बायाँ गरि २३/२३ मिटर) हुनेछ । |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा.** | **जिल्लाः** रसुवा र नुवाकोट जिल्लाहरु<br>**गाउँपालिका/नगरपालिकाः** गोसाईंकुण्ड गाउँपालिकाको वडा नं. १,२, आमाछोदीङमो (पार्वतीकुण्ड) गाउँपालिकाको वडा नं.१,२,३,४,५, उत्तरगया गाउँपालिकाको वडा नं. १,२,३,४, किश्पांग गाउँपालिकाको वडा न. ५, बिदुर नगरपालिकाको वडा नं.३,६,७,८,१२, तार्केश्वोर गाउँपालिकाको वडा नं.४ र बेलकोटगढी नगरपालिकाको वडा नं. ७ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र निर्धारण (Scoping) गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न माथि उल्लेखित गाउँपालिका/नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाब उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| **नेपाल विद्युत प्राधिकरण**, दरबारमार्ग, काठमाडौं, नेपाल<br>पो.ब.न.: १००२०, फोनः०१-४१५३०७७/४१५३१९३<br>ईमेलः neamd@nea.org.np<br>पो.ब.न.: १००२०, फोनः०१-४१५३०७७/४१५३१९३<br>ईमेलः neamd@nea.org.np | **एनइए इन्जिनियरिंग कम्पनी लिमिटेड**<br>ट्रेड टावर भवन, थापाथली, काठमाडौं, नेपाल<br>फोनः ०१-५१११०२४<br>ई-मेलः info@neaec.com.np<br>वेब साईटः www.neaec.com.np |